# संस्थाहरुको स्थापना तथा दर्ता सम्बन्धमा व्ययवस्था गर्न बनेको साल्पासिलिछो गाउँपालिकाको सघ संस्था दर्ता सम्बन्धी कार्यविधि -२०७५

**प्रस्तावना :**

यस गाउँपालिका क्षेत्र भित्र सामाजिक, आर्थिक, साहित्यिक, बैज्ञानिक, शैक्षिक, बौद्धिक, व्यवसायिक तथा परोपकारी संस्थाहरुको स्थापना तथा दर्ता गर्ने सम्बन्धमा व्यवस्था गर्न नेपालको संविधानको धारा २१८ ले दिएको अधिकार प्रयोग गरी गाउँपालिकाको संघ संस्था दर्ता सम्बन्धी कार्यविधि २०७५ तर्जुमा गरी लागु गरिएको छ ।

**१. संक्षिप्त नाम :-** १) यस कार्यविधिको नाम साल्पासिलिछो गाउँपालिकाको संघ संस्था कार्यविधि २०७५ रहेको छ ।

२) यो कार्यविधि तुरुन्त लागु हुनेछ ।

**२. परिभाषा :- बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :**

(क) संस्था भन्नाले सामाजिक, धार्मिक, साहित्यीक, सास्कृतिक, वैज्ञानिक, बौद्धिक, शैक्षिक, सैद्धान्तिक, शारीरिक, आर्थिक, व्यवसायिक तथा परोपकारी कार्यहरुको विकास एवं विस्तार गर्ने उद्देश्यले स्थापना भएको संस्था, क्लव, मण्डल, परिषद् अध्ययनकेन्द्र आदिलाई सम्झनुपर्दछ ।

(ख) गाउँपालिका भन्नाले साल्पासिलिछो गाउँपालिकालाई सम्झनुपर्दछ ।

(ग) गाउँपालिका प्रमुख भन्नाले साल्पासिलिछो गाउँपालिकाको प्रमुखलाई सम्झनुपर्छ ।

(घ) प्रबन्ध समिति भन्नाले संस्थाको विधान अनुसार गठन भएको प्रबन्ध समितिलाई सम्झनुपर्छ ।

(ङ) तोकिएको वा तोकिएबमोजिम भन्नाले यस कार्यविधि अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

**३. दर्ता नगरी संस्था खोल्न नहुने :-** यस कार्यविधि बमोजिम दर्ता नगरी कसैले पनि संस्था स्थापना गर्न हुदैन ।

**४. संस्था दर्ता :-** १) संस्था स्थापना गर्न चाहने कुनै सात जना वा सो भन्दा बढि व्यक्तिहरुले संस्था सम्बन्धी देहायको विवरण खुलाई संस्थाको विधान दुई प्रति र तोकिएको दस्तुर गाउँपालिका समक्ष निवेदन दिनुपर्नेछ ।

(क) संस्थाको नाम :

ख) संस्थाको उद्देश्य :

ग) प्रबन्ध समितिको सदस्यहरुको नाम, ठेगाना, र पेशा :

घ) आर्थिक स्रोत :

ङ) कार्यालयको ठेगाना :

२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएपछि गाउँपालिका प्रमुखले आवस्यक जाँचबुझ गरी संस्था दर्ता गर्न उचित ठानेमा दर्ता गरी दर्ताको प्रमाण-पत्र दिइनेछ ।

३) गाउँपालिका प्रमुखले कुनै संस्था दर्ता नगर्ने निर्णय गरेमा त्यस्तो सूचना निवेदकलाई दिनुपर्नेछ र निवेदकले सूचना प्राप्त गरेको मितिले पैतिस दिनभित्र त्यस्तो निर्णय उपर नेपाल सरकारले तोकेको अधिकारी समक्ष उजुर गर्न सक्नेछ ।

४) उपदफा (३) बमोजिमको उजूर प्राप्त भएपछि नेपाल सरकारले तोकेको अधिकारीले आवस्यक जाँचबुझ गरी संस्था दर्ता गर्न मनासिब ठहराएमा सो संस्था दर्ता गर्न गाउँपालिका प्रमुखलाई आदेश दिन सक्नेछ र त्यस्तो आदेश अनुसार गाउँपालिका प्रमुखले संस्था दर्ता गरिदिनु पर्नेछ ।

५) यस दफा अन्तर्गत दिईने प्रमाण-पत्रको ढाँचा, अवधी, नविकरण, नविकण दस्तुर तोकिएबमोजिम हुनेछ ।

**५. संगठित संस्था मानिने :-** १) यस कार्यविधि अन्तर्गत दर्ता भएको प्रत्येक संस्था अविछिन्न उताराधिकारीवाला स्वाशासित र संगठित संस्था हुनेछ । सो संस्थाको सबै कामको निमित्त आफ्नो एउटा छुट्टै छाँप हुनेछ ।

२) संस्थाले व्यक्ति सरह चल अचल सम्पति प्राप्त गर्न, उपभोग गर्न र बेचविखन गर्न सक्नेछ ।

३) संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजूर गर्न सक्नेछ र सो उपर पनि सोही नामबाट नालिस उजूर लाग्नेछ ।

**६. संस्थाको सम्पति : -** १) संस्थाको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले संस्थाको विधान विरुद्ध कुनै सम्पति दुरुपयोग गरेमा, कब्जा गरेमा वा रोक्का राखेमा गाउँपालिकाले त्यस्तो सम्पति दुरुपयोग गर्ने, कब्जा गर्ने वा रोक्का राख्नेबाट लिई संस्थालाई फिर्ता बझाई दिनेछ ।

२) उपदफा (१) बमोजिमको संस्थाको सम्पति फिर्ता गर्ने गरी गाउँपालिकाले गरेको कारबाहीमा चित्त नबुझ्ने व्यक्तिले प्रचलित कानुनले तोकेको फरमेटमा पुनरावेदन दिन सक्नेछ ।

३) संस्थाको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले सस्थाको कुनै सम्पति वा लिखित प्रतिष्ठा विरुद्ध कुनै अपराध वा विराम गरेमा संस्था संस्थाको कुनै सदस्य वा गाउँपालिका प्रमुख प्रचलित कानुन बमोजिम मुद्दाको कारबाही चलाउन सक्नेछ ।

**७. अघि दर्ता नभई स्थापना भएका संस्थाले दर्ता हुने :-** यस कार्यविधि प्रारम्भ हुनु भन्दा तत्काल प्रचलित कानुन बमोजिम दर्ता नभई स्थापना भई रहेको संस्थाले पर्ि यो कार्यविधि प्रारम्भ भएको मितिले तिन महिना भित्र यो कार्यविधि अनुसार दताृ गराउनु पर्नेछ ।

**८. संस्थाको उद्देश्यहरुमा हेरफेर :-** १) संस्थाको उद्देश्यहरुमा हेरफेर गर्न आवश्यक देखेमा वा सो संस्थालाई कुनै अर्को संस्थामा गाभ्न उचित देखेमा सो संस्थाको प्रबन्ध समितिले तत्सम्बन्धी प्रस्ताव तयार गरी सो प्रस्ताव उपर छलफल गर्न संस्थाको विधान बमोजिम साधारण सभा बोलाउनु पर्नेछ ।

२) साधारण सभामा उपस्थित भएका जम्मा सदस्य संख्याको दुई तिहाई सदस्यहरुले प्रस्तावमा समर्थन जनाएमा सो प्रस्ताव साधारण सभाबाट पारित भएको मानिने छ, तर सो प्रस्ताव लागु गर्न गाउँपालिका प्रमुखको स्वीकृत लिनुपर्नेछ ।

**९. हिसाबको विवरण पठाउनु पर्ने :-** प्रबन्ध समितिले सामाजिक परिक्षण गरी आफ्नो संस्थाको हिसाबको बिवरण लेखा परिक्षकको प्रतिवेदन सहित प्रत्येक बर्ष गाउँपालिका प्रमुख समक्ष पेश गर्नु पर्नेछ ।

**१०. हिसाब जाँच गर्ने :-** १) गाउँपालिका प्रमुखले आवस्यक देखेमा संस्थाको हिसाब आफुले नियुक्ति गरको कुनै अधिकृत वा पदाधिकारीद्धारा जाँच गराउन सक्नेछ ।

२) उपदफा (१) बमोजिम हिसाब जाँच गराए बापत गाउँपालिका प्रमुखले हिसाब जाँचबाट देखिन आएको संस्थाको मौज्दात रकमको सयकडा पाँच प्रतिशतमा नबढाई आफुले निर्धारित गरेको दस्तुर असुल गरि लिन सक्नेछ ।

३) हिसाब जाँच गर्ने अधिकृतले मागेको विवरण तथा कागजपत्रहरु वा सोधेको प्रश्नको जवाफ दिनु संस्थाको पदाधिकारी, सदस्य वा कर्मचारीको कर्तव्य हुनेछ ।

४) हिसाब जाँच गर्ने अधिकृतले गाउँपालिका प्रमुखले तोकिएको म्याद भित्र हिसाब जाँचको प्रतिवेदन गाउँपालिका प्रमुख समक्षपेश गर्नुपर्नेछ । र सो प्रतिवेदनको आधारमा संस्थाको कुनै सम्पति सो संस्थाको कुनै पदाधिकारी सदस्य वा कर्मचारीले हिनामिना गरेको, नोक्सान गरेको वा दुरुपयोग गरेको छ भन्ने गाउँपालिका प्रमुखलाई लागेमा निजले त्यस्तो पदाधिकारी, सदस्य वा कर्मचारीबाट सो हानि नोक्सानी असुल गर्न प्रचलित बमोजिम कारबाही चलाउन सक्नेछ । तर, प्रचलित कानुनले सजाय समेत हुने अपराध भएकोमा प्रचलित कानुन बमोजिम मुद्दा चलाउन लगाईनेछ ।

**११. निर्देशन दिने :-** संघीय वा प्रादेशिक सरकारले संस्थालाई आवस्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धीत संस्थाको कर्तव्य हुनेछ ।

**१२. दण्ड सजाय :-** १) दफा ३ बमोजिम दर्ता नगराई संस्था स्थापना गरेको वा दफा ७ बमोजिम दर्ता नगरी संस्था सञ्चालन गरेमा त्यस्ता संस्थाको प्रबन्ध समितिका सदस्यहरुलाई गाउँपालिका प्रमुखले जनही दश हजार रुपैयासम्म जरिवाना गर्न सक्नेछ ।

२) दफा ९ बमोजिम हिसाबको विवरण नपठाएमा प्रबन्ध समितिका सदस्यहरुलाई गाउँपालिका प्रमुखले जनही तीन हजार रुपैयासम्म जरिवाना गर्न सक्नेछ ।

३) दफा १० को उपदफा (३) बमोजिम हिसाब जाँच गर्न सम्बन्धीत पदाधिकारी, सदस्य वा कर्मचारीलाई गाउँपालिका प्रमुखले एक हजार रुपैया सम्म जरिवाना गर्न सक्नेछ ।

४) दफा ८ बमोजिम गाउँपालिका प्रमुखको स्वीकृति नलिइ संस्थाको उद्देश्यमा हेरफेर गरेमा वा अर्को संस्थासंग गाभेमा वा संस्थाले आफ्नो उद्देश्यको प्रतिकुल हुनेगरी काम कारबाही गरेमा वा संघयि, प्रादेशिक वा स्थानीय सरकारले दिएको निर्देशन पालना नगरेमा गाउँपालिका प्रमुखले त्यस्तो संस्थाको दर्ता निलम्बन वा खारेज गर्न सक्नेछ ।

**१३. पुनरावेदन :-** दफा १२ बमोजिम गाउँपालिका प्रमुखले गरेको अन्तिम निर्णय उपर ३५ दित भित्र तोकिएको अदालतमा पुनरावेदन लाग्नेछ ।

**१४. संस्थाको विघटन वा त्यस्को परिमाण :-** १) संस्थाको विधान बमोजिम कार्य सञ्चालन गर्न नसकी वा अन्य कुनै कारणवस संस्था विघटन भएमा त्यस्तो संस्थाको जायजेथा गाउँपालिकामा सर्नेछ ।

२) उपदफा (१) बमोजिम विघटन भएको संस्थाको दायित्वको हकमा सो संस्थाको जाय जेथाले थामेसम्म त्यस्तो दायित्व गाउँ कार्यपालिकाले व्यहोर्नेछ ।

**१५. नियम बनाउने अधिकार :-** यस कार्यविधिको उद्देश्य कार्यन्वयन गर्न गाउँ कार्यपालिकाले नियम बनाउन सक्नेछ ।

**१६. अधिकार प्रत्यायोजन :-** यो कार्यविधि अन्तर्गत बनेको नियम बमोजिम प्राप्त अधिकारहरुमध्ये सबै वा कुने अधिकार गाउँपालिका प्रमुखले आफु मुनिका पदाधिकारी वा कुनै अधिकृतलाई प्रोत्यायोजन गर्न सक्नेछ ।

**१७. अन्य नेपाल ऐन बमोजिम दर्ता वा स्थापना गर्नुपर्ने :-** कुनै संस्थाको दर्ता वा स्थापना गर्ने सम्बन्धमा अर्को नेपाल एनेमा छुट्टै व्यवस्था भएकोमा यस कार्यविधिमा अन्यन्त्र जनसुकै कुरा लेखिएको भएता पनि त्यस्तो संस्था सोहि ऐन बमोजिम दर्ता वा स्थापना गर्नु पर्नेछ ।

**१८ खारेजी वा बचाउ :-** (१) संघीय वा प्रादेशिक व्यवस्थापिकाले निर्माण गरेको कानुन विपरित भएको दफा सोही अनुसार खारेज वा परिवर्तन हुनेछन् ।

(२) यस कानुनलाई प्रतिस्थापन हुने गरी अर्को कानुन बनेर लागु नभएसम्म यसै कार्यविधि अनुसार भए गरेका मानिने छ ।

(३) संघ संस्था दर्ता ऐन, २०३४ अनुसार दर्ता भई साल्पासिलिछो गाउँपालिकाको क्षेत्र भित्र कार्यक्षेत्र रहने गरी गठन, सञ्चालन भईरहेका संघ संस्था यसै कार्यविधि अनुसार दर्ता भएको मानिनेछ ।